धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या ०९/०८२/०८३

आज मिति २०८२ साल पौष १ गते, मंगलबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाकोवैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्रीयज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री अम्बिका प्रसाद चौलागाईं | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |
| **कस** | **नाम** | **पद** | | **दस्तखत** |
| १ | श्री वेद प्रसाद सापकोटा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |
| २ | [illegible] | [illegible] | | |

मिति २०८२/०९/०१ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएका छलफल र निर्णयका विषयहरुः

१. बैठकको गणपुरक संख्या सम्बन्धमा।

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २८ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–

यस अघि मिति २०८२/०७/२३ गते बसेको कार्यपालिकाको बैठकमा जम्मा २० वटा निर्णयार्थ पेश भएका थिए। उक्त पेश भएका निर्णयार्थहरु मध्ये केहि निर्णयहरु कार्यान्वयन भएको र केहि कार्यान्वयनको चरणमा रहेको वैठकमा जानकारी भयो।

३. कार्यविधि/निर्देशिका पास गर्ने सम्बन्धमा।

यस धरान उपमहानगरपालिका भित्रका विभिन्न काम कारवाहीहरुलाई व्यवस्थित, पारदर्शिक, कानूनबद्ध ढंगले कार्यान्वयन गर्नका लागि विभिन्न महाशाखाहरुबाट तयार गरी कानून तर्जुमा मस्यौदा समितिमा छलफल तथा स्वीकृति गरी सिफारिस भै आजको वैठकमा पेश भएको तपसिल बमोजिमको कार्यविधि/निर्देशिका विस्तृत अध्ययन गरी स्वीकृतिका लागि आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

i. जग्गा खण्डिकरण सम्बन्धी कार्यविधि,२०८२ सम्बन्धमा।
ii. धरान उपमहानगरपालिकाको पालिका गान प्रयोग सम्बन्धी निर्देशिका-२०८२ सम्बन्धमा।
iii. गै.स.स तथा सामुदायिक संघ/संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा।
iv. टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५, सम्बन्धमा।
v. गर्भवती तथा सुत्केरी आमाहरुलाई (लिला सुब्बा श्रेष्ठ पोषण कार्यक्रम सहित) पोषण वापत रकम वा सामाग्री उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८२ सम्बन्धमा।
vi. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७५ संसोधन सम्बन्धमा।
vii. बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८२ सम्बन्धमा।
viii. स्थानीय लैंगिक हिंसा निवारण तथा सहयोग कोष संचालन कार्यविधि,२०८२ सम्बन्धमा।
ix. सडक मानव उद्धार, संरक्षण तथा व्यस्थापन सम्बन्धी कार्यविधि,२०८२ सम्बन्धमा।
x. सार्वजनिक निर्माणको गुणस्तर परीक्षण सम्बन्धी प्रयोगशाला संचालन कार्यविधि २०८२ सम्बन्धमा।

४. बाटोको नामाकरण सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. १३ शिवधारा मार्ग पश्चिम उत्तर जाने आर.सि.सि. बाटोमा रहेको विचको घुम्तिलाई किराती चोक नामाकरण गर्नका लागि शिवधारा टोल विकास संस्थाका पदाधिकारी तथा स्थानीयवासीको वैठकको निर्णयका साथै सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा उक्त घुम्ति बाटोको नाम किराती चोक नामाकरण गर्ने निर्णय गरियो।

५. औधोगिक प्रर्दशनी स्थल निर्माण कार्य सम्बन्धमा।

मिति २०७४ साल मंसीरमा मन्त्रिपरिषद्को वैठकबाट देशका सातैवटा प्रदेशमा औद्योगिक प्रर्दशनी कक्ष निर्माण गरिदा कोशी प्रदेशको औद्योगिक प्रर्दशनी कक्ष धरानमा निर्माणका लागि निर्णय भएकोमा धरानमा औद्योगिक प्रर्दशनी निर्माण कार्य कार्यान्वयन भएमा कोशी प्रदेशका अन्य विभिन्न जिल्लाहरुमा स्थानीय उत्पादन, उद्योगी, व्यवसायीक तथा उपभोक्तालाई एकै थलोमा ल्याई बजार विस्तार, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनामा टेवा पुग्ने अपेक्षा गर्दै प्रदेश भित्र उत्पादन भएका वस्तु तथा सेवाको दीर्घकालीन प्रर्बद्धन, स्थानीय उत्पादनलाई बजार विस्तारमा सहजता, व्यवसाय लगानी तथा रोजगारी सिर्जनामा टेवा पुग्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उद्योग व्यवसाय र पर्यटन प्रबर्द्धनमा मद्दत पुग्ने जस्ता उद्देश्यहरु प्राप्त गर्न सहयोग पुग्ने भएको भनि सुनसरी उधोग वाणिज्य संघबाट औद्योगिक प्रर्दशनी कक्ष निर्माण गर्न जग्गा माग गर्नु भएको हुँदा धरान उपमहानगरपालिका देशकै महत्पूर्ण औद्योगिक, शैक्षिक तथा स्वास्थ्य केन्द्रकोरुपमा पहिचान भइसकेको धरान शहर लगायत विभिन्न जिल्लाको अर्ग्यानिक कृषि उत्पादनदेखि वैज्ञानिक कृषि पद्धतिबाट उत्पादित सामाग्री, स्थानीय साधन स्रोतबाट उत्पादिन सामाग्रीहरु स्वदेश तथा विदेशमा निर्यात गर्ने थलोकोरुपमा समेत स्थापीत भईसकेकोहुँदा सुनसरी उद्योग वाणिज्य संघ र धरान उपमहानगरपालिकाको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको प्रर्दशनी कक्ष निर्माणका जग्गा उपलब्ध गराउन पानबारी जाने ठूलो पुल उत्तर तर्फ फैलिएको बगरलाई धरान-१५ र धरान-५ दुवै तर्फ तटबन्धन गरी

नदीउकास बनाई निस्कने जग्गालाई पहिलो प्राथमिकतामा राखि साथै अन्य धरान उपमहानगरपालिका भित्रका विवादरहित जग्गाको अध्ययन गरी १(एक) महिना भित्रमा प्रतिवेदन पेश गर्न १५ नं वडाको वडाध्यक्ष श्री नरेश इवारमको संयोजकत्वमा सुनसरी उधोग वाणिज्य संघको समेत प्रतिनिधि हुने गरी तपसिल बमोजिमको ८ सदस्यीय टोली गठन गर्ने निर्णय गरियो।

i. श्री नरेश इवारम, वडाध्यक्ष, १५ नं. वडा कार्यालय, संयोजक
ii. श्री मनप्रसाद लिम्बु, वडाध्यक्ष, ५ नं. वडा कार्यालय, सदस्य
iii. श्री भुपेन्द्र भट्टराई, वडाध्यक्ष, ६ नं वडा कार्यालय, सदस्य
iv. श्री मनोज भट्टराई, वडाध्यक्ष, १७ नं. वडा कार्यालय, सदस्य
v. श्री प्रविण राई, वडाध्यक्ष, १८ नं. वडा कार्यालय, सदस्य
vi. श्री विकास भाटी, कार्यपालिका सदस्य, धउमनपा।
vii. सुनसरी उद्योग वाणिज्य संघ बाट अध्यक्ष/प्रतिनिधि- सदस्य।
viii. श्री वातावरण तथा अत्यावश्यक महाशाखा प्रमुख, सदस्य सचिव।

६. <u>युवा विकास कार्यक्रम स्वीकृत सम्बन्धमा।</u>

युवाहरुको विकासका लागि कार्यक्रम गर्दै आएको संस्था अराइज एण्ड साइन नेपालबाट धरान उपमहानगरपालिका वडा नं. ५ का युवाहरुका लागि रु. ६०,००,०००/- बराबरको युवा विकास कार्यक्रम स्वीकृतिका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन माग गर्नु भएको साथै सम्बन्धित वडा कार्यालयबाट समेत सो कार्यक्रमका लागि सिफारिस भै आएको हुँदा उक्त संस्थालाई माग गरे बमोजिमको कार्यक्रम स्वीकृतिका लागि समाज कल्याण परिषद् काठमाडौं लाई सिफारिस गर्ने निर्णय गरियो।

७. <u>जग्गा उपलब्ध सम्बन्धमा।</u>

क. किरात राई यायोक्खा प्रारम्भिक कार्य समिति धरान-१६, सुनसरीद्वारा आफ्नो भाषा, संस्कार, संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ धरान-१६ को पश्चिम उत्तर गणतन्त्र चौक भन्दा उत्तरपट्टि र धरान-१३ को सिमानासँग जोडिएको जग्गामा लामो समयदेखि साकेला थान नाग्छोडबाट विधिवतरुपमा स्थापना गरी किराया धरान-१६ ले साकेला नाच्ने, पुज्ने पवित्र स्थलकोरुपमा प्रयोग गर्दै आएको जग्गा उपलब्धका लागि निवेदन पेश गर्नु भएकोमा सो जग्गा सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट किराया कार्य समिति धरान-१६ सँग छलफल गरे पश्चात वडाको सिफारिसको आधारमा नगरपालिकाबाट क्षेत्र निर्धारण गरी जग्गा उपलब्ध गराउँने निर्णय गरियो।

ख. आदिवासी जनजाती समुदायका तर्फबाट अभिभावकीय भूमिका निर्वाह गर्दै आएको नेपाल आदिवासी जनजाति महासंघ, नगर समन्वय परिषद्, धरानद्वारा समुदायको कार्यक्रम, सभा, समारोह गर्ने जग्गा/भवन नभएकोले धरान-१७ मा संस्थाको भवन निर्माणका लागि खालि जग्गा जमिन माग गर्नु भएको सम्बन्धित वडा कार्यालयबाट जनजाति महासंघसँग छलफलगरी सहमतिको आधारमा वडाले सिफारिस भई आएको जग्गा नगरपालिकाबाट क्षेत्र निर्धारण गरी जग्गा उपलब्ध गराउने साथै जग्गा उपलब्ध गराउदा धरान-१७ सर्दुपुल पारि Highway कटान गरिरहेको क्षेत्रमा तट्बन्धन गरी सो जग्गालाई पहिलो प्राथमिकतामा राख्ने समेत निर्णय गरियो।

८. <u>विविध।</u>

क. <u>बसपार्कको विवाद सम्बन्धमा।</u>

बसपार्कमा जग्गा दिएर विवाद हल गर्नुपर्ने सम्बन्धमा आयोजनाले राखेको Sales Plot बाट जग्गा पाउनु पर्नेहरुलाई जग्गा दिएर समस्या हल गर्नका लागि जग्गा पाउँनु पर्ने पिडितहरुलाई न्यायोचितरुपमा जग्गा उपलब्ध गराउँनका लागि वडा नं. ८ को अध्यक्ष श्री धनबहादुर राईज्यूको संयोजकत्वमा ७ (सात) दिन भित्रमा प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमका ५ सदस्यीय अध्ययन टोली गठन गर्ने निर्णय गरियो।

i. धनबहादुर राई, वडाध्यक्ष, वडा नं. ८- संयोजक
ii. पुर्ण लिम्बु, वडाध्यक्ष, वडा नं. १९ – सदस्य
iii. कृष्ण प्रसाद भट्टराई, वडाध्यक्ष, वडा नं.- १४ सदस्य
iv. हिमाल गौतम- अधिकृत आठौं- सदस्य
v. वेद प्रसाद सापकोटा- प्रशासन महाशाखा प्रमुख, सदस्य सचिव

ख. **विपद् व्यवस्थापन नीति, २०८२ तथा विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्य योजना (२०८२-२०८७) स्वीकृत गर्ने।**

मिति २०८२/०८/१६ गतेको नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार बहुप्रकोपको जोखिममा रहेको धरान उपमहानगरपालिका क्षेत्र भित्र विपद् व्यवस्थापनको कार्यलाई व्यवस्थितरुपमा सञ्चालन गर्न तयार गरिएको धरान उपमहानगरपालिकाको विपद् व्यवस्थापन नीति, २०८२ तथा विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्य योजना (२०८२-२०८७) विस्तृत अध्ययन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

ग. **विपद्/प्रकोप कोषबाट सञ्चालित योजना अनुमोदन गर्ने सम्बन्धमा।**

मिति २०८२/०७/२० र २०८२/०८/१६ गतेको नगर विपद् व्यवस्थापन समितिको निर्णयानुसार तपसिल बमोजिमको विपद्/प्रकोप कोषबाट सञ्चालित योजना अनुमोदन गर्ने निर्णय गरियो।

| क्रस | योजनाको नाम | ठेगाना | कामको विवरण | लागत अनुमान | निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | साउने कुलो वाल निर्माण | धरान-५ | साउने कुलो सिँचाइ जल उपभोक्ता पर्खाल निर्माण कार्य | ५,५३,३५४.८७/- | २०८२/०७/२३ |
| २ | बाबाधाम हृदयन्द्र टोल घर पुन निर्माण | धरान-३ | बाल निर्माण | ७,७४,६६३.०५/- | २०८२/०६/२३ |
| ३ | श्रवण टोल खहरे PROTECTION कार्य | धरान-८ | ल्याबरेटोरी मा.वि. पश्चिम श्रवण टोल खहरेमा रेटनिङवाल र ग्याविन वाल निर्माण कार्य | ९,९०,६८०.६२/- | २०८२/०७/२४ |
| ४ | धरान २०/४ का विभिन्न साइडको पहिरो फाल्ने र मर्मत सरसफाई गर्ने कार्य | धरान २०/४ | | ५,९८,८५३.७५/- | २०८२/०६/२८ |
| ५ | आहाले जाने सडक भञ्जयाङ छेउ वाल निर्माण | धरान-२० | बाल तथा रिटेनिङ वाल निर्माण | ५,६६,६५६.३५/- | २०८२/०८/०१ |
| ६ | आडा लाईन अमृत टोल ड्रेन पुन निर्माण | धरान-१५ | प्लम्व वाल निर्माण | १७,७३,४७८.११ | २०८२/०८/०१ |

**विपद् व्यवस्थापन कोषबाट निर्णय र सम्झौता भएको योजना।**

| क्रस | गरिएको कार्य | ल.इ रकम |
|---|---|---|
| १ | विद्युत प्राधिकरण पूल महानन्द) मागदिखि ( दक्षिण खहरेमा साइडमा ग्याबिन निर्माण | २,५७,२३९६२. |
| २ | ल्याबोरेटरी स्कुल पश्चिम श्रवण टोल खहरे साइडमा ग्याबिन र रिटेनिङ वाल निर्माण | ९,९९,६०६७९. |
| ३ | मसाने खोला र सेउती खोलामा च्यानलिङ गर्ने कार्य | ३,६९,९१६८०. |
| ४ | पालिका तरकारी बजारमा आगलागी भएको सेड निर्माण कार्य | ३,५८,५५७०३. |
| ५ | चतरा जाने सर्दु पुल उत्तर सर्दु खोलामा स्पर तथा ग्याबिन निर्माण कार्य | ९,९८,५०४०८. |
| ६ | सेहरा खोला चेनलिङ कार्य | ३,७०,३७०५०. |
| ७ | सुनाम टोल खहरेमा ग्याबिन र रिटेनिङ वाल निर्माण कार्य | ९,९८,१६५००. |
| ८ | पृथ्वी पथ उद्योग वाणिज्य संघ अगाडी भत्काएको ढल र स्लाब मर्मत कार्य. | २,५०,१४७४५. |

घ. **आय-व्ययको प्रक्षेपण सम्बन्धमा।**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ वमोजिम स्थानिय तहले आगामी दुई आर्थिक वर्षको लागी आय व्ययको प्रक्षेपण गरीएको तथ्याङ्क सहितको विवरण प्रत्येक वर्षको पुष मसान्त भित्र अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था बमोजिम यस उपमहानगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०८२ मंसिर २४ गतेको वैठकको निर्णयबाट चालु आर्थिक वर्षको संशोधित र आगामी दुई आर्थिक वर्षको आयको प्रक्षेपण गरेको र सो को आधारमा प्रस्तुत गरिएको व्ययको प्रक्षेपण सहितको आय-व्ययको अनुमान सम्बन्धित निकायमा पठाउने निर्णय गरियो। आय-व्ययको प्रक्षेपण विवरण प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ।

ङ. **अलैंचिको कर सम्बन्धमा।**

यस उपमहानगरपालिकाको मिति २०८२ मंसिर २४ गतेको बैठकको निर्णयबाट सिफारिस गरिएको अलैंचिको प्रतिकिलो जडिबुटी करको दर रु. ५/- लाई परिमार्जन गरी रु. ०.५/- कायम गर्ने र चालु आर्थिक वर्षमा उल्लेखित कर संकलनको लागि निजी क्षेत्रलाई ठेक्कामा दिइएको हुँदा निज व्यवसायीसँग आवश्यक समन्वय गरी सहजीकरण गर्ने निर्णय गरियो।

च. **धरान स्मार्ट बस पार्कको ठेक्का सम्बन्धमा।**

धरान ८ स्थित तिनकुने सुन्दर वस्ती जग्गा विकास आयोजनामा निर्माण गरिएको धरान स्मार्ट बस पार्कलाई ठेक्कामा दिने सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयबाट पहिलो पटक ३० दिने र दोश्रो पटक १५ दिने सूचना प्रकाशन गरी ई-विडिङ गरिएकोमा एउटा पनि बोलपत्र पेश हुन नआएकाले ठेक्कामा लाग्न नसकेकोहुँदा यस उपमहानगरपालिकाको मिति २०८२ मंशीर २४ गतेको बैठकको निर्णयबाट सिफारीश गरिए बमोजिम साविक ठेक्का व्यवस्थामा तपसिल बमोजिम पुनरावलोकन गरी थप व्यवस्था गरी नियमानुसार ठेक्का लगाउने सम्बन्धमा निर्णय गरी बोलपत्र आह्वानको सूचना प्रकासन गरिएकोहुँदा तपसिल बमोजिमको व्यवस्था गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

**तपसिल**

i. ठेक्का न्यूनतम् कवुल अंक मूल्य अभिवृद्धि कर समेत रु. १ करोड ४१ लाखलाई घटाएर रु. १ (एक) करोड कायम गर्ने।
ii. सरसफाई तथा बस पार्क व्यवस्थापन सेवा शुल्क कोशी लोकमार्गको भित्र भृकुटी चोक र लाङ्वाली चोकबाट भित्र सडक छेउमा यात्रु चढाउन वा ओराल्न आउने सवारी साधनबाट समेत संकलन गर्न पाउने।

छ. **स्थानीय विदा सम्बन्धमा।**

पूर्वको प्रसिद्ध धार्मिक आस्थाको केन्द्र धर्तिको पहिलो श्राद्ध स्थल धरान-२० स्थित विष्णुपादुका मन्दिर क्षेत्रमा पितृ उद्धारका लागि पौषे औंशीका दिन लाग्ने धार्मिक मेलाको अवसरमा मिति २०८२ पौष ४ गते शुक्रबारका दिन धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्था/कार्यालयहरु (अत्यावश्यक सेवा बाहेक) र धरान स्थित शैक्षिक संस्थाहरुमा स्थानीय बिदा दिने निर्णय गरियो।

ज. **सर्दु जलाधार क्षेत्रको जग्गा सम्बन्धमा।**

धरान उपमहानगरपालिका साविक बाझगरा ९ (क) घोपा ७ (घ) र (ङ) जग्गा फुकुवा तथा सिमाङ्कन पहल सिमितिले १३ नं. वडा कार्यालयमा पेश गरेको निवेदन बमोजिम धरान उपमहानगरपालिका वडा नं. ४, १३ र २० भित्र पर्ने सर्दु जलाधार क्षेत्रसँग सम्बन्धित विषयलाई १३ नं. वडा कार्यालयबाट धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकमा छलफलका लागि प्रस्ताव पेश गर्नु भनी पत्रचार भएकोमा सो विषयमा यस कार्यालयको कानून शाखामा राय माग भए बमोजिम सर्दु जलाधार क्षेत्रको विवादित र अतिक्रमित जग्गाको स्थलगत प्रतिवेदनमा उक्त क्षेत्र र कित्ता एकिन नभएको देखिएको कारण साथै सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेको हुँदा यो विषय सर्वोच्च अदालतबाट अन्तिम किनारा नलागेसम्म यो काम कारवाही अगाडी बढाउन उपयुक्त नहुने कानून शाखाबाट राय पेश भएता पनि सो विषयमा थप कानूनी सल्लाहकारहरु र विज्ञ कानून व्यवसायीहरुसँग कानूनी परामर्श लिने-१, मालपोतबाट जग्गा फुकुवा गर्न सकिने कि नसकिने भन्नेबाट लिखित राय लिने-२, अख्तियारमा समेत मुद्दा परेको हुँदा जग्गा फुक्का गर्न मिल्ने नमिल्ने बारे अख्तियारको लिखत राय लिने-३, निर्णय गरियो। सो राय संकलन गर्नका लागि तपसिल व्यक्तिहरु राखी राय संकलन समिति गठन गरियो।

**तपसिल**

i. श्री नेत्र प्रसाद काफ्ले, वडाध्यक्ष, वडा नं. १३- संयोजक
ii. श्री पदम बहादुर लिम्बु, वडाध्यक्ष, वडा नं. २०- सदस्य
iii. श्री धनबहादुर राई, वडाध्यक्ष, वडा नं. ४- सदस्य
iv. श्री हरि कार्की, धरान-१३- सदस्य
v. श्री टिका राई, धरान- १३- सदस्य

झ. बँगुर पाठापठी खरिद बिक्रीका लागि ट्रस भवन निर्माण सम्बन्धमा।

धरान उपमहानगरपालिका वडा नं. १७ समिति मार्ग (उदय सामुदायिक भवन छिर्ने बाटोको साइटमा) बंगुरको पाठापाठी खरिद बिक्री केन्द्रको लागि ट्रस भवन निर्माणका लागि सम्झौता गरी काम शुरु गर्न नगर प्रमुखज्यूको मिति २०८२/०८/१४ गतेको निर्णय बमोजिम भवन ट्रस निर्माणका लागि श्री बंगुर पाठा पाठी खरिद विक्री भवन निर्माण उपभोक्ता सिमितिसँग कुल लागत इस्टिमेट रु. २१,०९,७१४.६८ मध्ये (न.पा.को कार्यालय भवन मर्मत बजेटबाट रु. १८,८३,०००/- कन्टिन्जेन्सीज र लाग्ने करसमेत) साथै बाँकि रकम रु. २,२६,७१४।६८ उपभोक्ताहरुबाट श्रमदान समेतबाट व्यहोर्ने) मा सम्झौता भएकोले उक्त कार्य कार्यान्वयनका लागि आजको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

ञ. रकमान्तर सम्बन्धमा।

धरान उपमहागनरपालिका अन्तर्गतका यस आ.व. २०८२/०८३ मा छुट्टिएका तपसिल बमोजिमका योजनाहरु आगामी नगर सभाबाट स्वीकृत गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो।

| क्रस | योजनाको नाम | रकमान्तर गर्ने शिर्षक | रकमान्तर हुने रकम | कैफित |
|---|---|---|---|---|
| १ | पुण्य मार्ग लुप ब्लक रोड निर्माण धरान-१६ | अन्य कार्यालय सञ्चालन बजेट शिर्षकबाट | रु. १,१२,०००/- | |
| २ | नौलो बस्ती ड्रेन एजिङ निर्माण धरान-१६ | श्रम संस्कृति पार्कको वजेटबाट | रु. ५,००,०००/- | |
| ३ | निर्मल धारा जाने बाटो निर्माण, धरान-१४ | धनकुटे रोड स्तरोन्नती बजेटबाट | रु. ५,००,०००/- | |
| ४ | बगान टोल पिच निर्माण, धरान-१७ | धरान उत्सव कार्यक्रम बजेट बाट | रु. ५,००,०००/- | |

ट. आर्थिक सहयोग अनुमोदन।

i. ध्रुवनाथ जोगी, धरान-१६, मुखको क्यान्सर सम्बन्धी रोग लागि उपचार गराइरहेकोले मिति २०८२/०८/१४ गतेको नगर प्रमुख स्तरीय निर्णयबाट उपचार खर्च स्वरुप रु. १५०००/- उपलब्ध गराइएकोहुँदा आजको वैठकबाट अनुमोदन गर्ने.

ii. हरेन्द्र बुढाथोकी, धरान-१, प्रार्थना प्रतिष्ठान लागु तथा मादक पदार्थ उपचार केन्द्रमा सुधारका लागि राखिएकोले निजको आर्थिक अवस्था ज्यादै कमजोर रहेको हुँदा मिति २०८२/०७/२० गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार नगर भिजन कोषबाट रु. ३००००/- सुधार केन्द्रमा मासिक शुल्क तिर्न रकम उपलब्ध गराइएको हुँदा आजको वैठकबाट अनुमोदन गर्ने।

iii. नविन राई, धरान-१७, मस्तिकघात भई उपचार गराइरहेकोले मिति २०८२/०८/१० गतेको नगर प्रमुख स्तरीय निर्णायानुसार नगर भिजन कोषबाट रु. १५०००/- उपलब्ध गराइएकोले आजको वैठकबाट अनुमोदन गर्ने।

iv. विष्णु कुमारी केसी तामाङ, धरान-२, मस्तिष्कको अपरेसन गरी उपचार गराइरहेकोले मिति २०८२/०८/०५ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार रु. २५०००/- नगर भिजन कोषबाट उपलब्ध गराइएकोहुँदा आजको वैठकबाट अनुमोदन गर्ने।

v. रुबिन रोक्का, धरान-२०, कान नसुन्ने र बोल्न नसक्ने भएको कारण उपचार गराइरहेकोले मिति २०८२/०७/२८ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार रु. ३००००/- उपलब्ध गराइएकोले आजको वैठकबाट अनुमोदन गर्ने।

vi. सिंहबर लिम्बु, धरान-१५, अन्तर्राष्ट्रिय बक्सिङ खेलाडी, श्रीलंकामा भएको बक्सिङ प्रतियोगितामा तेस्रो स्थान हासिल गरेकोले सम्मान स्वरुप नगर भिजन कोषबाट रु. २००००/- उपलब्ध गराइएकोले आजको वैठकबाट अनुमोदन गर्ने।

vii. निगम तिमसिना, धरान-११, २३ औं कराते च्याम्पियनशिपमा सातौं स्थान हासिल गरेकोले प्रोत्साहन स्वरुप रु. २००००/- उपलब्ध गराइएकोले आजको वैठकबाट अनुमोदन गर्ने।

viii. रणध्वज विश्वकर्मा, धरान-६ दुर्घटना भइ घाइते भएकोले उपचार खर्च स्वरुप रु १५०००/- उपलब्ध गराइएकोले आजको वैठकबाट अनुमोदन गर्ने।